# माथिल्लो GI इन्डोस्कोपी

(Upper GI endoscopy)

E01 v2 - मार्च 2025 को अन्त्यमा समाप्त हुने

## पृष्ठपोषण

थप जानकारीको लागि वेबसाइट www.aboutmyhealth.org मा जानुहोस्
हामीलाई यो जानकारी सहयोगी थियो कि थिएन भनेर थाहा दिनको लागि हामीलाई www.patientfeedback.org मा सम्पर्क गर्नुहोस्


eidohealthcare.com

Trusted Information Creator
Patient Information Forum

EIDO HEALTHCARE

## माथिल्लो GI इन्डोस्कोपी के हो ?

माथिल्लो गेस्ट्रोइन्टेस्टाइनल (GI) इन्डोस्कोपी एउटा लचिलो दुरबीनको प्रयोग गरेर भोजननली (गुलेट), पेट र ड्युयोडिनम (सानो आन्द्राको पहिलो भाग) को भित्र हेर्ने प्रक्रिया हो । यो प्रक्रियालाई कहिलेकाहीं ग्यास्ट्रोस्कोपी, OGD वा सजिलो भाषामा इन्डोस्कोपी भनिन्छ ।




माथिल्लो GI इन्डोस्कोपी

तपाईंको डाक्टरले माथिल्लो GI इन्डोस्कोपीको सल्लाह दिनुभएको छ । तर पनि, तपाईं यो प्रक्रिया अगाडि बढाउन चाहनुहुन्छ वा चाहनुहुन्न भन्ने कुरा तपाईंको निर्णय हो ।

यो कागजातले तपाईंलाई लाभ र जोखिमहरूको बारेमा जानकारी दिन्छ र तपाईंलाई सूचित निर्णय लिन सहयोग गर्नेछ । यदि तपाईंसँग यो कागजातले उत्तर नदिने कुनै प्रश्न भएमा, तपाईंको डाक्टर वा हेल्थकेयर टीमलाई सोध्न जरुरी छ । तपाईंका सबै प्रश्नहरूको जवाफ पाइसक्नु भएपछि र तपाईंले प्रक्रिया अगाडि बढाउन तयार भएको महशुस गर्नु भएपछि, तपाईंलाई सूचित सहमति फारममा हस्ताक्षर गर्न लगाईनेछ । यो निर्णय गर्ने प्रक्रियाको अन्तिम चरण हो । तर, तपाईंले अझै कुनै पनि बेला मन परिवर्तन गर्न सक्नुहुन्छ ।

## माथिल्लो GI इन्डोस्कोपीका लाभहरू के-के हुन् ?

तपाईंको पाचन प्रणालीको माथिल्लो भागमा समस्या हुन सक्छ भन्ने कुरामा तपाईंको डाक्टर चिन्तित हुनुहुन्छ । तिनीहरूले माथिल्लो इन्डोस्कोपी गर्ने सल्लाह दिएको हुनसक्छ किनभने तपाईंले बिरामी भएको महशुस गर्ने, बान्ता गर्ने, पेट दुख्ने, निल्न गाह्रो हुने, पेट फुल्ने, पखाला लाग्ने र / वा बिना कुनै कारण तौल घट्ने जस्ता लक्षणहरू अनुभव गरिरहनुभएको छ । अर्को कारण तपाईंमा लक्षणहरू नहुनु, तर तपाईंलाई रक्तअल्पता (रगतको कमी) भएको पनि हुनसक्छ । यो प्रक्रिया तपाईंको माथिल्लो पाचन प्रणालीका धेरैजसो समस्याहरू निदान गर्ने एउटा राम्रो तरिका हो ।

यदि इन्डोस्कोपिस्ट (इन्डोस्कोपी गर्ने व्यक्ति) ले कुनै समस्या पाउनुभएमा, तिनीहरूले निदानको लागि सहयोग गर्न बायोप्सिस (तन्तुको साना टुक्राहरु हटाउने) गर्न सक्नुहुन्छ ।

## के माथिल्लो GI इन्डोस्कोपीको कुनै अन्य विकल्पहरू छन् ?

तपाईंको डाक्टरले माथिल्लो GI इन्डोस्कोपीको सिफारिस गर्नुभएको छ किनभने यो माथिल्लो पाचन प्रणालीमा भएका धेरैजसो समस्याहरूको निदान गर्ने उत्तम तरिका हो ।

बेरियम मील माथिल्लो पाचन प्रणालीको एक्स-रे जाँच हो । यो जाँच माथिल्लो GI इन्डोस्कोपीको जस्तो सही हुँदैन, र यदि तपाईंको डाक्टरले कुनै समस्या भएको पाउनुभएमा, तपाईंको बच्चालाई अझै पनि बायोप्सिस गर्नको लागि माथिल्लो GI इन्डोस्कोपी गर्नुपर्ने हुन सक्छ ।

यूरिया सास (urea breath) परीक्षणलाई पेटको अल्सर हुने रोगाणु (हेलिकोब्याक्टेर पाइलोरी) पत्ता लगाउनको लागि प्रयोग गर्न सकिन्छ।

## यदि मैले माथिल्लो GI इन्डोस्कोपी नगर्ने निर्णय गरेमा के हुन्छ ?

तपाईंको डाक्टरले समस्या के हो भनेर पुष्टि गर्न सक्ने छैनन् ।

यदि तपाईंले माथिल्लो GI इन्डोस्कोपी नगर्ने निर्णय गर्नुभएमा, तपाईंले आफ्नो डाक्टरसँग यो कुराको छलफल सावधानीपूर्वक गर्नुपर्नेछ ।

## यो प्रक्रियामा के-के समावेश हुन्छ ?

### प्रक्रिया अघि

यदि तपाईं वार्फ़रिन, क्लोपीडोग्रेल वा रगत पातलो बनाउने अन्य औषधी खानुहुन्छ भने, प्रक्रिया शुरू हुनुभन्दा कम्तीमा पनि 7 दिन अघि इन्डोस्कोपिस्टलाई यसको जानकारी दिनुहोस् ।

तपाईंको अपोइन्टमेन्ट भन्दा 6 घण्टा अघि केही पनि नखानुहोस्, र पानीको सानो घुँट मात्र पिउनुहोस् । यो तपाईंको पेट खाली छ र इन्डोस्कोपिस्टले तपाईंको पेट भित्र स्पष्टसँग देख्ने सुनिश्चित गर्नको लागि हो । यसले प्रक्रियालाई थप सहज बनाउँछ । तपाईंले प्रक्रिया भन्दा 2 घण्टा पहिले पानीको सानो घुँट पिउन जारी राख्न सक्नुहुन्छ । यदि तपाईंलाई मधुमेह

(diabetes) भएमा, हेल्थकेयर टीमलाई जतिसक्दो चाँडो यसको जानकारी दिनुहोस् । तपाईंले प्राप्त गरेको उपचारको आधारमा तपाईंलाई विशेष सल्लाह चाहिन्छ ।

हेल्थकेयर टीमले तपाईं जुन प्रक्रियाको लागि आउनुभएको छ, त्यो सुनिश्चित गर्नको लागि थुप्रै जाँचहरू गर्नेछ । तपाईंले इन्डोस्कोपिस्ट र हेल्थकेयर टीमलाई तपाईंको नाम र तपाईंले गराउन लाग्नुभएको प्रक्रियाको बारेमा पुष्टि गरेर सहयोग गर्न सक्नुहुन्छ ।

तपाईंले यो कागजात पढेपछि र हेल्थकेयर टीमले तपाईंका प्रश्नहरूको जवाफ दिएपछि तिनीहरूले तपाईंलाई सहमति फारममा हस्ताक्षर गर्न लगाउनेछन् ।

## इन्डोस्कोपी कोठामा

सामान्यतया माथिल्लो GI इन्डोस्कोपी गर्न लगभग 10 मिनेट लाग्छ ।

तपाईंलाई आराम गर्न सहयोग गर्नको लागि इन्डोस्कोपिस्टले सिडेटिभ (लठ्याउने औषधी) प्रदान गर्न सक्नुहुन्छ । तिनीहरूले तपाईंलाई यो तपाईंको पाखुरा वा हातको पछाडि सानो सुईद्वारा दिनेछन् । तपाईं प्रश्नहरू सोध्न र जवाफ दिन सक्नुहुनेछ तर तपाईंले आराम महशुस गर्नुहुनेछ ।

तपाईंको कुनै पनि नक्कली दाँत वा प्लेटहरू निकालेपछि, तिनीहरूले तपाईंको घाँटीमा केही नदुख्ने औषधी (local anaesthetic) स्प्रे गर्नेछन् र तपाईंलाई यो निल्न लगाउनेछन् । यसको स्वाद नमिठो हुन सक्छ ।

इन्डोस्कोपिस्टले तपाईंलाई बायाँपट्टि कोल्टे सुत्न लगाउनेछन् र तपाईंको मुखमा एउटा प्लास्टिकको माउथपिस राख्नेछन् ।

हेल्थकेयर टीमले औंला वा खुट्टामा क्लिप प्रयोग गरेर तपाईंको अक्सिजनको स्तर र मुटुको चालको निगरानी गर्नेछन् । यदि तपाईंलाई अक्सिजन चाहिएमा, तिनीहरूले तपाईंको नाकको प्वाल (nostrils) मा सानो ट्युब वा मास्क मार्फत दिनेछन् ।

यदि तपाईंले कुनै पनि बेला प्रक्रिया रोक्न चाहनुभएमा, आफ्नो हात उठाउनुहोस् । इन्डोस्कोपिस्टले यो प्रक्रिया समाप्त गर्न सुरक्षित हुनासाथै जतिसक्दो चाँडो समाप्त गर्नेछन् ।

इन्डोस्कोपिस्टले तपाईंको घाँटीको पछाडि एउटा लचिलो टेलिस्कोप (इन्डोस्कोप) पसाउनुहुनेछ । तिनीहरूले इन्डोस्कोप तपाईंको घाँटीमा राखेर यसलाई निल्न लगाउनेछन् । यसले इन्डोस्कोपलाई तपाईंको भोजननलीबाट सजिलैसँग पेटमा पुर्याउन मद्दत गर्नेछ । यहाँबाट इन्डोस्कोप तपाईंको ड्युयोडिनममा जान्छ ।

इन्डोस्कोपिस्टले जलन वा अल्सर जस्ता समस्याहरू हेर्न सक्नुहुनेछ । तिनीहरूले निदान गर्न सहयोग गर्नको लागि बायोप्सीहरू गर्न र फोटोहरू लिन सक्नेछन् । बायोप्सी भनेको तन्तुको सानो टुक्रालाई लचिलो ट्युबको प्रयोग गरि सानो फोर्सेप्सको प्रयोग गरेर निकाल्नु हो । यो प्रक्रिया पीडारहित छ र तपाईंलाई यो गरिंदैछ भनेर थाहा नहुन सक्छ ।

यो प्रक्रिया दुख्ने हुँदैन तर तपाईंको पेट फुले झैं महशुस हुन सक्छ किनभने भित्रको दृश्यमा सुधार गर्नको लागि पेटमा हावा भरिन्छ ।

## कस्तो जटिलताहरू हुन सक्छन् ?

हेल्थकेयर टीमले जटिलताहरूको जोखिम कम गर्न प्रयास गर्नेछन् ।

यो प्रक्रिया गराउने मानिसहरूको अध्ययनबाट प्राप्त जोखिम सम्बन्धि कुनै पनि संख्या । तपाईंको लागि जटिलताको जोखिम बढी छ वा कम छ भन्ने कुरा तपाईंको डाक्टरले बताउन सक्नुहुन्छ ।

केही जटिलताहरू गम्भीर हुन सक्छन् र मृत्यु पनि हुन सक्छ (जोखिम : 25,000 मा 1) ।

यदि तपाईंले नबुझेको केही कुरा छ भने तपाईंले आफ्नो डाक्टरलाई सोध्नुपर्छ ।

माथिल्लो GI इन्डोस्कोपीमा हुने सम्भावित जोखिमहरू तल सूचीबद्ध छन् ।

- घाँटी दुख्ने । यो छिटो निको हुनेछ ।
- उपकरण, सामग्री वा औषधीको एलर्जी प्रतिक्रिया । हेल्थकेयर टीम जुनसुकै पनि प्रतिक्रियाहरू पत्ता लगाउन र उपचार गर्न तालिम प्राप्त छन् । यदि तपाईंलाई कुनै किसिमको एलर्जी छ वा विगतमा तपाईंले कुनै औषधी वा जाँचमा प्रतिक्रिया गरेको भएमा इन्डोस्कोपिस्टलाई थाहा दिनुहोस् ।
- सेडाटिभ वा र्‍याल जस्तो श्रावहरू सुंघ्दाको प्रतिक्रिया स्वरूप सांस फेर्न गाह्रो हुने वा मुटुको चाल अनियमित हुने । यस्तो हुनबाट रोक्नको लागि, तपाईंको अक्सिजनको स्तरको निगरानी गरिनेछ र तपाईंको मुखबाट कुनै पनि श्रावहरू हटाउन सोंस्ने (suction) डिभाइस प्रयोग गरिनेछ ।
- यदि तपाईंलाई गम्भीर मेडिकल समस्या भएमा हृदयघात (जहाँ मुटुको मांसपेशीको भाग मर्छ) वा स्ट्रोक (तपाईंको मस्तिष्कमा रगतको आपूर्तिमा अवरोधको कारण मस्तिष्कको कार्यमा कमी) हुन सक्छ । यो दुर्लभ छ ।
- संक्रमण । प्रयोग गरिएको उपकरणबाट वा तपाईंको रगतमा ब्याक्टेरिया प्रवेश गरेमा संक्रमण हुने सम्भावना हुन्छ । उपकरणलाई जीवाणुरहित बनाइएको छ त्यसैले जोखिम कम छ, तर इन्डोस्कोपिस्टलाई तपाईंको मुटुमा असामान्यता वा कमजोर प्रतिरक्षा प्रणाली भएमा थाहा दिनुहोस् । तपाईंलाई एन्टीबायोटिक्सको उपचार चाहिन सक्छ । यदि तपाईंलाई उच्च तापक्रम भएमा वा असन्चो महशुस भएमा तपाईंको डाक्टरलाई थाहा दिनुहोस् ।
- भोजननली, पेट वा डुडेनममा प्वाल बनाउने (जोखिम : 2,000 मा 1) । यदि असामान्य संकुचन (स्ट्रिक्चर) फैलिएको (डाइलेट) भएमा जोखिम उच्च हुन्छ । तपाईंलाई सर्जरी सहित थप उपचारको लागि अस्पतालमा भर्ना गर्नुपर्ने हुन्छ ।

• दाँत वा ब्रिजकार्यको क्षति । इन्डोस्कोपिस्टले तपाईंको दाँतमा एउटा प्लास्टिकको माउथपिस लगाइदिनेछन् जसले तपाईंको मुखलाई दाँतको रक्षा गर्न मद्दत गर्छ । तपाईंको कुनै दाँत हल्लिएको छ भने इन्डोस्कोपिस्टलाई थाहा दिनुहोस् ।

• बायोप्सी गरेको ठाउँबाट वा इन्डोस्कोपको कारणले सानो क्षतिबाट रक्तस्राव हुने । यो सामान्यतया आफैं रोकिन्छ ।

• प्राविधिक कठिनाई, तपाईंको माथिल्लो पाचन प्रणालीमा खाना वा अवरोध, प्रक्रियाको क्रमका जटिलताहरु, वा असुविधाको कारण प्रक्रिया अपूर्ण भयो । तपाईंको डाक्टरले अर्को इन्डोस्कोपी वा बेरियम खाना जस्तो फरक जाँच गराउनको लागि सिफारिस गर्न सक्नुहुन्छ ।

## म कति छिटो निको हुनेछु ?

यदि तपाईंलाई कुनै सेडेटिभ नदिइएमा, तपाईं घर जान सक्नुहुन्छ र तुरुन्तै सामान्य गतिविधिहरू गर्न सक्नुहुन्छ । कम्तीमा पहिलो घण्टासम्म नखानुहोस् वा नपिउनुहोस् ।

यदि तपाईंलाई सेडेटिभ दिइएमा, तपाईंलाई आराम गर्नको लागि रिकभरी क्षेत्रमा लगिनेछ । तपाईंले प्राय: एक घण्टा भित्र पुन: स्वास्थ्यलाभ गर्नुहुनेछ तर यो तपाईंलाई कति सेडेटिभ दिइयो भन्ने कुरामा निर्भर गर्छ । तपाईं राम्रोसँग निल्न सक्ने भएपछि, तपाईंलाई पेय दिइनेछ । तपाईंले केही घण्टा अलि ढाडिएको महसुस गर्न सक्नुहुन्छ तर यो हराउनेछ ।

यदि तपाईंलाई सिडेसन दिइएमा :

• कुनै जिम्मेवार वयस्कले तपाईंलाई कार वा ट्याक्सीमा घर लिएर जानु पर्छ र कम्तीमा 24 घण्टासम्म तपाईंसँग बस्नु पर्छ;

• आकस्मिक अवस्थाको लागि तपाईं टेलिफोनको नजिक हुनुपर्छ;

• कम्तीमा 24 घण्टासम्म र तपाईं पूर्णतया महशुस गर्ने, हलचल गर्ने र समन्वय गर्ने नहुँदासम्म ड्राइभ गर्ने, मेशिनरी सञ्चालन गर्ने वा कुनै पनि सम्भावित खतरनाक गतिविधिहरू (यसमा खाना पकाउने समावेश छ) नगर्नुहोस्; र

• कम्तीमा 24 घण्टासम्म कानूनी दस्तावेजहरूमा हस्ताक्षर नगर्नुहोस् वा रक्सी नपिउनुहोस् ।

तपाईंलाई अन्य कुरा नभएसम्म, तपाईं अर्को दिन काममा आउन सक्नुहुन्छ ।

हेल्थकेयर टीमले इन्डोस्कोपी गर्दा के पाइयो भनेर तपाईंलाई भन्नेछन् र तपाईंको लागि आवश्यक कुनै उपचार वा फलो-अपको बारेमा कुराकानी गर्नेछन् । बायोप्सीको नतिजाहरू केही दिनको लागि उपलब्ध हुने छैन, तसर्थ, हेल्थकेयर टीमले यी नतिजाहरूको लागि क्लिनिकमा तपाईं फर्केर आउने व्यवस्था मिलाउन सक्नेछन् ।

घरमा गएपछि, यदि तपाईंलाई छाती वा ढाड दुख्ने, सांस फेर्न गाह्रो हुने, तपाईंको पेट दुख्ने, उच्च तापक्रम हुने, वा तपाईंलाई बान्ता भएमा इन्डोस्कोपी इकाईसँग सम्पर्क गर्नुहोस् । आकस्मिक अवस्थामा, एम्बुलेन्सलाई फोन गर्नुहोस् वा तपाईंको नजिकैको आकस्मिक विभागमा जानुहोस् । यदि तपाईंको घाँटी दुखेमा वा अन्य समस्याहरू भएमा, आफ्नो GP सँग सम्पर्क गर्नुहोस् ।

## जीवनशैलीमा परिवर्तन

यदि तपाईं धुम्रपान गर्नुहुन्छ भने, धुम्रपान गर्न छोडेमा तपाईंको स्वास्थ्यमा दीर्घकालीन सुधार आउनेछ ।

स्वस्थ तौल कायम राख्ने प्रयास गर्नुहोस् । यदि तपाईंको तौल बढी भएमा जटिलताहरू विकास हुने उच्च जोखिम हुनेछ ।

नियमित व्यायामले तपाईंको दीर्घकालीन स्वास्थ्यलाई सुधार गर्नेछ । तपाईंले व्यायाम शुरु गर्नु अघि, हेल्थकेयर टीम वा तपाईंको GP लाई सुझावको लागि अनुरोध गर्नुहोस् ।

## सारांश

तपाईंको पाचन प्रणालीको माथिल्लो भागमा कुनै समस्या छ कि भनेर थाहा पाउनको लागि माथिल्लो GI इन्डोस्कोपी सामान्यतया एउटा सुरक्षित र प्रभावकारी तरिका हो । तथापि, जटिलताहरू हुन सक्छन् । तपाईंले प्रक्रियाको सूचित निर्णय गर्नको लागि तपाईंलाई सहयोग गर्न तिनीहरूको बारेमा थाहा पाउन जरुरी छ । तिनीहरूको बारेमा थाहा पाउनाले कुनै पनि समस्यालाई छिट्टै पत्ता लगाउन र उपचार गर्न पनि सहयोग गर्नेछ ।

यो जानकारीको कागजात राख्नुहोस् । यदि तपाईंलाई हेल्थकेयर टीमसँग कुरा गर्नु परेमा सहयोग लिनको लागि यसलाई प्रयोग गर्नुहोस् ।

जोखिम र जटिलताको तथ्याङ्कहरू जस्ता केही जानकारीहरू विश्वव्यापी अध्ययनहरू र / वा डाटाबेसहरूबाट लिइएको हो । तपाईंसँग सम्बन्धित विशेष जोखिमहरूको बारेमा थप जानकारीको लागि कृपया आफ्नो सर्जन वा डाक्टरसँग सोध्नुहोस् ।

यो कागजात जानकारीको लागि मात्र हो र तपाईंको लागि तपाईंको सम्बन्धित हेल्थकेयर टीमले दिने सल्लाहलाई प्रतिस्थापन गर्दैन ।

आभारहरू

समीक्षक : डेभिड डेभोनसायर (MBBS (Hons), FRACP)

दृष्टान्तकर्ता : मेडिकल दृष्टान्त सर्वाधिकार©
Medical-Artist.com